# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**कपिलाकोट, सिन्धुली**

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७९/०५/१५**

मरिण गाउँपालिकामा संचालित नवप्रवर्तन साझेदारी कोष अन्तर्गत देहायनुसारका उन्नत जातका बंगुरका पाठा एवं भैंसीका पाडी खरिद तथा आपूर्ति कार्य मरिण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम ३२ बमोजिम राष्ट्रियस्तरको खुल्ला बोलपत्रका माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा संस्थाहरुको जानकारीका लागि यो बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**देहाय**

| क्र. सं. | कार्य विवरण | ठेक्का नं. | परिमाण (ओटा) | अनुमानित लागत (रु.) | बोलपत्र जमानत रकम (रु.) | बोलपत्र फारम दस्तुर (रु.) | बोलपत्र मान्यहुने अवधि | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | उन्नत जातका बंगुरका पाठा खरिद तथा आपूर्ति कार्य | MRM/Goods (Livestock)/ NCB/01/2079-080 | ९० | ७६,५०,०००/- | १,९५,०००/- | ३,०००/- | ९० दिन | २०७९/०६/१४ गते दिनको १२:०० बजेभित्र | २०७९/०६/१४ गते दिनको २:०० बजे |
| २. | उन्नत जातका भैंसीको पाडी खरिद तथा आपूर्ति कार्य | MRM/Goods (Livestock)/ NCB/02/2079-080 | १२० | ९०,००,०००/- | २,३०,०००/- | ३,०००/- | ९० दिन | २०७९/०६/१४ गते दिनको १२:०० बजेभित्र | २०७९/०६/१४ गते दिनको २:०० बजे |

१. बोलपत्र खरिद गर्न चाहने इच्छुक योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजात माथि उल्लेखित बोलपत्र फारम दस्तुर मरिण गाउँ कार्यपालिकाको कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, कपिलाकोटमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-११५३०१००३०१०१०००२ मा दाखिला गरि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट : www.bolpatra.gov.np बाट प्राप्त गर्न सकिनेछ र उक्त बोलपत्र मिति २०७९/०६/१४ गते दिनको १२:०० बजे भित्र E-Bid मार्फत पेश गर्नु पर्नेछ ।

२. बोलपत्र सम्बन्धी कागजात तथा स्पेसिफिकेशन लगायतका विषयमा छलफल गर्न मिति २०७९/०६/०६ गते दिनको १:०० बजे मरिण गाउँ कार्यपालिकाको कार्यालयमा पूर्व-बोलपत्र बैठक आयोजना हुनेछ ।

३. E-Bid मार्फत पेश हुन आएका बोलपत्रहरु मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुलीमा मिति २०७९/०६/१४ गते दिनको २:०० बजे उपस्थित हुन चाहने बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्रको साथ माथि उल्लेखित तोकिएको रकममा नघट्नेगरी बोलपत्र जमानत वा मरिण गाउँ कार्यपालिकाको कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, कपिलाकोटमा रहेको धरौटी खाता नं. १५३०१००३००००२ मा जम्मा गरेको सक्कल बैंकभौचर संलग्न गर्नुपर्नेछ र त्यस्तो बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्र खोलेको मितिबाट कम्तीमा पनि १२० दिन भन्दा बढीको हुनुपर्नेछ ।

५. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन अन्तिम दिन कायम हुनेछ । त्यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ ।

६. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयसँग सुरक्षित रहनेछ ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**